# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

प्रेस विज्ञप्तिः २०७२।११।०४ गते ।

आरोपपत्र दायर गरिएको (सार्वजनिक जग्गा व्यक्तिको नाममा)
-------------------------------------------------------------------

मालपोत कार्यालय, बर्दियामा कार्यरत तत्कालीन ना.सु. प्रकाश चन्द्र बुढाथोकी र तत्कालीन खरिदार ईश्वरी प्रसाद दहालले सार्वजनिक जग्गा गैरकानुनी तरिकाले जिल्ला बर्दिया सोरहवा गा.वि.स. वडा नं. ७ बस्ने कोपीराज सापकोटाको नाममा दर्ता गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१)को देहाय (ज) को कसुर गरेको पुष्टि हुन आएकोले निजहरू तत्कालीन ना.सु. प्रकाश चन्द्र बुढाथोकी र तत्कालीन खरिदार ईश्वरी प्रसाद दहाललाई बिगो रु.१०,११,०००/-(अक्षरुपी दश लाख एघार हजार)कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम कैद र जरिवाना हुन एवं उक्त कार्य गर्न गराउनमा संलग्न कोपीराज सापकोटालाई बिगो रु.१०,११,०००/-(अक्षरुपी दश लाख एघार हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलव्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिबिधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।